# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

चलानी नं. ..................

मितिः २०८१/०५/२०

**MCA कार्यक्रम अन्तर्गत पहिलो सेमेस्टरको अनलाइन परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित *Master of Computer Application (MCA)* कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२३ को **पहिलो** सेमेस्टरका नियमित परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८१ साल आश्विन ०७ गतेबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८१ साल भाद्र २१ गतेदेखि ३० गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८१ साल भाद्र २१ गतेदेखि ३० गतेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८१ साल भाद्र ३१ गतेसम्म।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- परीक्षार्थीहरूले परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ। यदि फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत आदि गर्नुपर्ने छ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले भरेका परीक्षा फाराम २०८१ साल आश्विन ०१ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू **(विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू)** को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८१ साल आश्विन ०१ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८१ साल आश्विन ०४ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन्। उक्त प्रवेशपत्र कलर प्रिन्ट गर्नुका साथै सम्बन्धित क्याम्पस/कलेजको छाप लगाइएको हुनुपर्ने छ र परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ।
- प्रयोगात्मक परीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन MCA कार्यक्रमसँग सम्बन्धित क्याम्पसलाई अनुरोध गरिन्छ :

  त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालन भएको दुई वर्षे ४ सेमेस्टरको Master of Computer Application (MCA) कार्यक्रम

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np

Scanned with CamScanner

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur


चलानी नं. ..................

अन्तर्गतका विभिन्न सेमेस्टरहरूमा Project Work/Dissertation बाहेकका अन्य विषयहरूमा ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन र ६० पूर्णाङ्कको अन्तिम मूल्याङ्कन गरिने प्रावधान भएको र ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनलाई प्रयोगात्मक हुने विषयहरूमा २० पूर्णाङ्कको Internal Assessment **(Mid-term and Pre-Final Examination)** र २० पूर्णाङ्को Practical Assessment रहने गरी छुट्याइएको छ । उक्त ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनभित्र नै Practical Assessment समेत रहेको हुनाले सम्बन्धित क्याम्पस/कलेजले डीन कार्यालयद्वारा खटाइएका विषय विशेषज्ञहरूबाट २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गरी हाजिरी सहितको आन्तरिक मूल्याङ्कन (Internal Assessment & Practical Assessment) देहाय बमोजिमको ढाँचामा २०८१ साल आश्विन ०१ गतेभित्र यस कार्यालयमा पठाइदिनु हुन सम्बन्धित क्याम्पस प्रमुखज्यूहरूलाई अनुरोध गरिन्छ ।

| SN | Name of Student | Internal Practical Assessment | | | |
|---|---|---|---|---|---|
| | | Practical (10) | Lab Report (5) | Viva (5) | Total (20) |
| | | | | | |
| | | | | | |

**Internal Subject Teacher**
**Signature: ...............**
**Name: ........................**
**Designation: .............**
**Date: .............**

**Subject Expert**
**Signature: ...............**
**Name: ....................**
**Designation: .............**
**Date: .....................**

MCA Internal Evaluation Format

| SN | Name of Student | Internal Assessment (20) | Practical Assessment (20) | Total (40) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Subject Teacher
Signature: ...............
Name: ........................
Date: .............

Campus Chief/Coordinator
Signature: ...............
Name: ...................
Date: .....................

......................
डा. चिरञ्जीवी आचार्य
सहायक डीन


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np


Scanned with CamScanner